The New England School of English
Harvard Square

# व्यावहारिक विषय-वस्तुहरू

## आवेदन

1. कृपया यो आवेदन फारम भरेर हस्ताक्षर गर्नुहोस्। निम्न कुराहरू बिना तपाईंको आवेदनको प्रक्रिया अघि बढाउन सकिँदैन:
   a) फिर्ता नहुने US$185 आवेदन शुल्क।
   b) फिर्ता नहुने US$150 ट्युसन डिपोजिट। यो रकम तपाईंको पहिलो सत्रको शिक्षा शुल्कबाट घटाइनेछ।
   c) तपाईंको आवासको व्यवस्था मिलाइराख्नका लागि तपाईंको क्रेडिट कार्ड नम्बर। यदि तपाईंले NESE को आवास सम्झौतामा उल्लिखित सबै सर्तहरू पूरा गर्नुहुन्छ भने NESE ले तपाईंको क्रेडिट कार्डबाट शुल्क काट्नेछैन।
   d) तपाईंलाई एक्सप्रेस कुरियर सेवा चाहिने भएमा फिर्ता नहुने US$90 एक्सप्रेस कुरियर शुल्क।
   e) आर्थिक सहायताको पत्र। यो पत्र *या त* तपाईंको बैंक ब्यालेन्स सहित तपाईंको बैंकले जारी गरेको हुनुपर्छ वा तपाईंलाई प्रायोजन गर्ने व्यक्ति, संस्था वा रोजगारदाताले तपाईंलाई आर्थिक सहायता गर्ने प्रत्याभूति जनाउँदै जारी गरेको पत्र र सो सम्बन्धमा बैंकको पत्र हुनुपर्छ। तपाईंको आर्थिक सहायताको पत्रले तपाईं वा तपाईंको प्रायोजकले हरेक सत्रमा कम्तिमा पनि US$3800 रकम उपलब्ध गराउन सक्नुहुन्छ भनी देखाउनुपर्छ।

2. तपाईं APPLY.NESE.EDU मा गएर सीधै NESE मा आवेदन दिन पनि सक्नुहुन्छ। यद्यपि, तपाईंलाई सजिलो लाग्छ भने, आफूले भरेको आवेदनलाई यस इमेल ठेगानामा पठाउनुहोस्: apply@nese.edu

तपाईंलाई आवेदन तथा आवास सम्बन्धी फाराम भर्न सहयोग चाहिएमा, कृपया New England School of English (NESE) को आफ्नो स्थानीय प्रतिनिधिलाई फोन गर्नुहोस् वा भेट्न जानुहोस्। तपाईंको प्रतिनिधिले खुसीका साथ तपाईंलाई आवश्यक कुनै पनि सहयोग गर्नुहुनेछ। हामी तपाईंको आवेदनको समीक्षा गर्नेछौं। त

तपाईंको आवेदन स्वीकृत भएपछि, NESE ले तपाईंलाई निम्न कुराहरू पठाउनेछ:

- तपाईंको NESE स्वीकृति पत्र समावेश एउटा स्वीकृति प्याकेट।
- तपाईंले आवासको लागि आवेदन दिनुभएको खण्डमा, आवास नियोजन पत्र र आवास स्वीकृति सम्झौता पत्र।
  एउटा I-20 फाराम: कृपया ध्यानमा राख्नुहोस् कि संयुक्त राज्य अमेरिकाको कानुन अनुसार अमेरिकामा पूर्ण समयको इन्टेन्सिभ अङ्ग्रेजी भाषा अध्ययन गर्न जाने विद्यार्थीहरूलाई मात्र I-20 जारी गर्न पाइन्छ। यदि तपाईं NESE को इन्टेन्सिभ प्रोग्राम (पूर्ण समय) मा अध्ययन गर्ने सोचमा हुनुहुन्छ भने, NESE ले तपाईंलाई I-20 प्रदान गर्नेछ। कृपया संयुक्त राज्यको राजदूतावास वा वाणिज्यदूतावासमा आफ्नो विद्यार्थी भिसा (F-1) को लागि आवेदन बुझाउन जाँदा यो I-20 फाराम लिएर जानुहोस्। कृपया ध्यानमा राख्नुहोस् कि संयुक्त राज्यको कानुनले विद्यार्थीहरूलाई F-1 भिसामा गएर आंशिक समय अध्ययन गर्ने अनुमति दिँदैन।

## भर्ना

तपाईंले NESE मा भर्ना हुन आउँदा, आफूसँग निम्न कुराहरू ल्याउनुपर्छ:

- आफ्नो पासपोर्ट र आफ्नो I-20।
- तपाईंको ट्युसन तथा आवासको लागि अग्रिम भुक्तानी गरेको रसिद।
- तपाईंले NESE को स्वास्थ्य बीमा खरिद नगर्ने भएमा, आफ्नो विद्यमान स्वास्थ्य बीमाको प्रमाण।

## भुक्तानी

कृपया ध्यानमा राख्नुहोस् कि तपाईंको पहिलो सत्र सुरू हुनुभन्दा 2 हप्ता पहिले र त्यसैगरी तपाईं उपस्थित हुने हरेक सत्र सुरू हुनुभन्दा 2 हप्ता पहिले सबै शुल्क पूर्ण रूपमा भुक्तानी गर्नुपर्छ।

| भुक्तानी विधि: | |
|---|---|
| Flywire | https://NESE.flywire.com |
| क्रेडिट/डेबिट कार्ड | Visa, MasterCard, American Express, Diners |
| अमेरिकी डलर ट्राभलर चेक वा मनी अर्डर | भुक्तानीको प्रापक: The New England School of English |
| बैंक ड्राफ्ट | अमेरिकी डलर खाताबाट झिकिएको: The New England School of English लाई भुक्तानी गर्नुपर्ने |
| बैंक ट्रान्सफर (IAT/ACH ट्रान्सफर) | कृपया ध्यानमा राख्नुहोस् कि IAT/ACH ट्रान्सफरमा ABA नम्बर तथा SWIFT कोड दुबै समावेश हुनुपर्छ।<br>बैंकको नाम: Cambridge Trust Coxmpany, 1336 Massachusetts Avenue, Cambridge, MA 02138 USA<br>ABA नम्बर: 011300595, SWIFT कोड: CAUPUS31<br>पाउने संस्था: The New England School of English<br>खाता नम्बर: 1228350900 |

## आवेदन रद्द तथा रकम फिर्ता

| आवेदन रद्द गरेको मिति: | सत्र सुरू हुनुअघि 2 हप्ता भन्दा बढी समय बाँकी हुँदा | सत्र सुरू हुनुअघि 2 हप्ता भन्दा कम समय बाँकी हुँदा | सत्र सुरू भएपछि |
|---|---|---|---|
| आवेदन शुल्क | फिर्ता हुँदैन | फिर्ता हुँदैन | फिर्ता हुँदैन |
| ट्युसन डिपोजिट | फिर्ता हुँदैन | फिर्ता हुँदैन | पूर्णरूपमाफिर्ता हुन्छ |
| ट्युसनको भुक्तानी | पूर्ण रूपमा फिर्ता हुन्छ | पूर्ण रूपमा फिर्ता हुन्छ | साप्ताहिक रूपमा तिर्नुपर्ने |
| आवासको ग्यारेन्टी | सुरक्षण रकम गुमाउनुहुनेछैन | पूरै सुरक्षण रकम गुमाउनुहुनेछ | पूरै सुरक्षण रकम गुमाउनुहुनेछ |
| आवासको भुक्तानी | पूर्ण रूपमा फिर्ता हुन्छ | आवासको ग्यारेन्टीका लागि दिनुभएको US$250[3] गुमाउनुहुनेछ | अनुपातिक हिसाब अनुसार लाग्ने शुल्क सहित आवासको ग्यारेन्टीका लागि दिनुभएको US$250[3] गुमाउनुहुनेछ |

कुनै पनि रकम फिर्ता गर्दा तपाईंले भुक्तानी गर्न प्रयोग गर्नुभएकै माध्यम प्रयोग गरिनेछ।

NESE ले तपाईंको आवेदन अस्वीकार गरेको वा कक्षा रद्द गरेको खण्डमा, 30 दिनभित्र पूर्ण ट्युसन शुल्क फिर्ता गरिनेछ। भिसा अस्वीकार भएको अवस्थामा, फिर्ता नहुने शुल्कहरू पनि फिर्ता गरिनेछन्। साथसाथै, सबै भावी सत्रका ट्युसन शुल्क पूर्ण रूपमा फिर्ता गरिनेछ। कृपया ध्यानमा राख्नुहोस् कि प्रतिनिधिहरूले रकम फिर्ता गर्ने सम्बन्धमा तोकेको नीति NESE को नीतिभन्दा फरक हुन सक्छ। कृपया थप जानकारीका लागि NESE वा आफ्नो प्रतिनिधिलाई सम्पर्क गर्नुहोस्।

## आवास

तपाईं बस्नका लागि होमस्टे, छात्रावास वा अपार्टमेन्ट[10] मध्ये एउटा रोज्न सक्नुहुन्छ। तपाईं बस्नका लागि होमस्टे वा छात्रावास मध्ये एउटा रोज्न सक्नुहुन्छ। यद्यपि, पूर्णकालीन विद्यार्थीहरूलाई बढी प्राथमिकता दिइनेछ। कृपया आवास सम्बन्धी आवेदन फाराम पूरै भर्नुहोस् र हामी तपाईं आइपुग्नुभन्दा पहिले नै सबै व्यवस्था मिलाउँनेछौं। सबै विद्यार्थीहरूलाई आफ्नो पहिलो सत्र सुरू हुनु पहिले लगत्तैको आइतबार यहाँ आइपुग्न तथा अन्तिम सत्र सकिएपछिको शनिबार यहाँबाट जान अनुरोध गरिन्छ। यहाँ थप केही दिन बस्नका लागि विशेष अनुमति दिइएको खण्डमा, अतिरिक्त शुल्क लाग्नेछ। NESE मा आफ्नो अध्ययन पूरा गरेपछि, तपाईं NESE होमस्टे वा छात्रावासमा बस्न पाउनुहुन्न। कृपया ध्यानमा राख्नुहोस् कि हामीले NESE आवासमा तपाईंलाई बस्ने ठाउँ सुरक्षित गर्नु पूर्व तपाईंले NESE लाई आवासको ग्यारेन्टी रकम प्रदान गर्नुपर्छ।

## एयरपोर्टमा लिन आउने र पुर्याउने सुविधा

NESE ले दुई प्रकारको एयरपोर्ट ट्रान्सफर सेवा प्रदान गर्दछ:

1. $90 को साझा ट्रान्सफर सेवा । तपाईंको ड्राइभर बाहिर कुरेर बस्नेछ ।
2. $190 को निजी ट्रान्सफर सेवा । तपाईंको ड्राइभर तपाईंलाई लिन एयरपोर्ट भित्रै आउनेछ ।

कृपया यो कुरा जानिराख्नुहोस् कि मध्यरातपछि र थ्याङ्कस गिभिङ डे, क्रिस्मस, नयाँ वर्षको पूर्व सन्ध्या, र नयाँ वर्षको दिन एयरपोर्टमा लिन वा पुर्याउन जानका लागि थप US$60 शुल्क लाग्नेछ । ट्याक्सी (लगभग US$75- US$85), वा Uber वा Lyft (लगभग US$25 - US$50) प्रयोग गर्दा सस्तो पर्छ ।

## स्वास्थ्य बीमा

संयुक्त राज्यमा अध्ययन गर्दा तपाईंले स्वास्थ्य बीमा गर्नु अनिवार्य छ। तपाईंले NESE बाट बीमा खरिद गर्न वा आफ्नो विद्यमान बीमा कभरेजको प्रमाण (अङ्ग्रेजीमा) पेस गर्न सक्नुहुन्छ। यस सम्बन्धी निती-नियमको बारेमा थप जानकारीका लागि, कृपया सीधै NESE लाई सम्पर्क गर्नुहोस्।

## आवेदन बन्द हुने मिति

हामीले तपाईंको आवेदन फारम प्राप्त गरेपछि, हामी तपाईंलाई आवश्यक जानकारी सहित एउटा "स्वीकृति प्याकेट" पठाउनेछौं, जसमा (यदि तपाईंले अनुरोध गर्नुभएको छ भने) तपाईंको I-20 फाराम समावेश गरिएको हुन्छ। यो सामग्री सामान्यतया नियमित हुलाकबाट पठाइन्छ। यद्यपि, प्याकेजमा समावेश सामग्रीको संवेदनशील प्रकृतिको कारणले, यदि NESE ले तपाईंको आवेदन तपाईंको सत्र सुरू हुने मितिबाट 45 भन्दा कम दिन अघि मात्रै प्राप्त गर्छ भने, हामी तपाईंलाई आफ्नो "स्वीकृति प्याकेट" एक्सप्रेस कुरियरबाट पठाउन अनुरोध गर्न सिफारिस गर्छौं। यदि तपाईं आफ्नो प्याकेट एक्सप्रेस कुरियर मार्फत प्राप्त गर्न चाहनुहुन्छ भने, तपाईंले US$90 कुरियर शुल्क तिर्नुपर्छ।

## ससर्त स्वीकृति पत्र

तपाईंलाई सर्सर्त स्वीकृति पत्र चाहिन्छ भने, कृपया हाम्रो कार्यालयमा सम्पर्क गर्नुहोस् र हामी तपाईंलाई खुसीका साथ मद्दत गर्नेछौं।

## व्यक्तिगत खर्च

हामी तपाईंलाई आफ्नो व्यक्तिगत किनमेल, मनोरञ्जन, यातायात, आदिका लागि मासिक लगभग US$550 खर्च छुट्याउन सिफारिस गर्दछौं। हरेक चार हप्ताको सत्रका लागि लगभग US$140 को पुस्तकहरू किन्नुपर्नेछ।

## मौसम

यहाँको औसत तापक्रम वसन्त ऋतुमा 10°C, गर्मीयाममा 22°C, ग्रिष्म ऋतुमा 13°C, र जाडोयाममा -1°C सम्म हुन्छ। यद्यपि, तापक्रम गर्मीयाममा अधिकतम 37°C र जाडोयाममा न्यूनतम -18°C सम्म हुन सक्छ।

## थप जानकारी

यदि तपाईंलाई New England School of English को बारेमा थप जानकारी चाहिएमा वा यस सम्बन्धमा कुनै पनि प्रश्न भएमा, कृपया (617) 864-7170 मा फोन गर्नुहोस् वा (617) 864-7282 मा फ्याक्स गर्नुहोस् वा admissions@nese.edu मा इमेल पठाउनुहोस्। हामी सदैव तपाईंलाई मद्दत गर्न तयार हुन्छौं। हाम्रो टेलिफोन लाइनहरू 24 घण्टा खुला रहनेछन्। आफूलाई पायक पर्ने जुन सुकै समयमा हामीलाई सम्पर्क गर्नुहोस्।

## शुल्क

| | |
|---|---|
| आवेदन शुल्क[1] | US$185 |
| ट्युसन डिपोजिट[1,2] | US$150 |
| आवासको ग्यारेन्टी[3] | US$250 |
| एक्सप्रेस कुरियर शुल्क | US$90 |

| | सेमि-इन्टेन्सिभ प्रोग्राम (9:00 - 12:30) | | | इन्टेन्सिभ प्रोग्राम (9:00 - 3:15)[11] | | |
|---|---|---|---|---|---|---|
| शिक्षा शुल्क[4,7] | US$1385 | US$1385 | US$1385 | US$1895 | US$1895 | US$1895 |
| होमस्टे[5,7,8] | US$1310 | --- | --- | US$1310 | --- | --- |
| छात्रावास[6,7,8,9] | --- | US$1750 | --- | --- | US$1750 | --- |
| अपार्टमेन्टको[8,10] | --- | --- | US$2910 | --- | --- | US$2910 |
| जम्मा | US$2695 | US$3135 | US$4295 | US$3205 | US$3645 | US$4805 |
| स्वास्थ्य बीमा[12] | --- | --- | --- | US$150 | US$150 | US$150 |

1. यो एकपटक मात्र तिरिने फिर्ता नहुने शुल्क हो।
2. यो शुल्क (यदि शिक्षा शुल्क पूरा तिरेको छैन भने) आवेदन फाराम पेस गर्दा तिर्नुपर्छ। यो रकम पहिलो सत्रको शिक्षा शुल्कबाट घटाइनेछ।
3. यो शुल्क भुक्तानी होइन। यो आवासको व्यवस्था मिलाउन गरिएको डिपोजिट हो। यदि तपाईंले NESE को आवास स्वीकृति सम्झौताका सबै सर्तहरू पूरा गर्नुहुन्छ भने NESE ले तपाईंको क्रेडिट कार्डबाट शुल्क काट्नेछैन। अपार्टमेन्टको ग्यारेन्टी शुल्क: US$500
4. विद्यालय समयपछि सञ्चालन हुने कक्षाका लागि पाठ्यक्रमको आधारमा US$335 - US$670 थप शुल्क लाग्न सक्छ।
5. हप्तामा 16 छाक भोजनको व्यवस्था।
6. हप्तामा 14 छाक भोजनको व्यवस्था।
7. सबै शुल्कहरू डिसेम्बर 2019 देखि लागू हुनेछन्।
8. NESE जनवरीको पहिलो हप्ता, अप्रिल र अगस्टको अन्तिम हप्ता र डिसेम्बरको अन्तिम दुई हप्ता बन्द हुनेछ । यस अवधिमा NESE को आवास सुविधा उपलब्ध हुनेछ र एकल वा साझा डेराको आधारमा एक रातको US$47 - US$205 अतिरिक्त शुल्क तिर्नुपर्नेछ ।
9. मिलेर बसेको कोठाको शुल्क। एक जना मात्र बसेको कोठाको प्रत्येक सत्रको शुल्क US$2710 हो।
10. अपार्टमेन्ट 30 वर्षभन्दा बढी उमेरका विद्यार्थीहरूले मात्र प्रयोग गर्न पाउँछन्। प्रति व्यक्ति मूल्य। जोडीको लागि US$3450 लाग्नेछ। सरसफाइ सेवा र खाना समावेश गरिएको छैन।
11. विद्यार्थीले दुई इन्टेन्सिभ सत्रको शुल्क एकमुष्ट तिरेको खण्डमा, शिक्षा शुल्कमा छुट दिइनेछ। 8 हप्ताको इन्टेन्सिभ प्रोग्रामको शिक्षा शुल्क एकमुष्ट बुझाउँदा US$3690 लाग्छ।
12. NESE को स्वास्थ्य बीमा NESE F-1 भिसा प्राप्त गरेका व्यक्तिहरूका लागि मात्र हो। यसले भिसा प्राप्त गर्नुभन्दा पहिले देखिनै भएका रोग वा अवस्थाहरूलाई समेट्दैन। यस सम्बन्धी निती-नियमको बारेमा थप जानकारीका लागि, कृपया सीधै NESE लाई सम्पर्क गर्नुहोस्।
13. निजी ट्युसनको लागि प्रति घण्टा US$90 लाग्नेछ । कृपया निजी ट्युसनको आवेदन फाराम डाउनलोड गरेर भर्नुहोस् ।

# आवेदन फारम: भाग 1

1. कृपया यस आवेदन फारामको दुबैपट्टीको भाग स्पष्ट बुझिने ठूलो अक्षरमा भर्नुहोस्।
2. यस आवेदनसँग निम्न कुराहरू समावेश गर्नुहोस्:
   a. फिर्ता नहुने US$185 आवेदन शुल्क
   b. फिर्ता नहुने US$150 ट्युसन डिपोजिट, जुन तपाईंको पहिलो सत्रको शिक्षा शुल्कबाट घटाइनेछ
   c. तपाईंको आवासको व्यवस्था मिलाइराख्नका लागि तपाईंको क्रेडिट कार्ड नम्बर। यदि तपाईंले NESE को आवास सम्झौतामा उल्लिखित सबै सर्तहरू पूरा गर्नुहुन्छ भने NESE ले तपाईंको क्रेडिट कार्डबाट शुल्क काटिनेछैन।
   d. फिर्ता नहुने US$90 एक्सप्रेस कुरियर शुल्क
   e. आर्थिक सहायताको पत्र
3. आवेदन फाराममा हस्ताक्षर गरेर (यदि तपाईं 21 वर्षभन्दा कम उमेरको हुनुहुन्छ भने तपाईंको आमाबुवा वा अभिभावकले पनि हस्ताक्षर गर्नुपर्छ) यसलाई तलको ठेगानामा हुलाक, फ्याक्स, वा इमेल मार्फत पठाउनुहोस्:

Admissions Office
The New England School of English
Harvard Square
36 John F. Kennedy Street
Cambridge, MA 02138 USA
इमेल: apply@nese.edu फ्याक्स: (617) 864-7282

नाम ☐ श्री ☐ सुश्री
थर / नाम / बीचको नाम

ठेगाना (स्थायी)
सडक ठेगाना
सहर, राज्य / देश / हुलाक कोड
टेलिफोन / मोबाइल फोन
इमेल / Skype

जन्म मिति (दिन/महिना/वर्ष) / जन्मेको देश / नागरिकता प्राप्त गरेको देश

के तपाईंलाई विद्यार्थी (F-1) भिसा चाहिन्छ? चाहिन्छ ☐ चाँहिदैन ☐ यदि चाँहिदैन भने, तपाईंलाई कुन भिसा चाहिन्छ?

मैले भाग लिने प्रोग्राम: ☐ सेमि-इन्टेन्सिभ प्रोग्राम (9:00 - 12:30) ☐ इन्टेन्सिभ प्रोग्राम (9:00 - 3:15) ☐ निजी ट्युसनको[13]

कृपया आफू उपस्थित हुन चाहेका सत्रहरू छनौट गर्नुहोस्:

| 2018 कासत्रहरू | | 2019 कासत्रहरू | |
|---|---|---|---|
| ☐ जनवरी 2 - जनवरी 26 | ☐ जुन 25 - जुलाई 20 | ☐ जनवरी 7 - फेब्रुअरी 1 | ☐ जुलाई 1 - जुलाई 26 |
| ☐ जनवरी 29 - फेब्रुअरी 23 | ☐ जुलाई 23 - अगस्ट 17 | ☐ फेब्रुअरी 4 - मार्च 1 | ☐ जुलाई 29 - अगस्ट 23 |
| ☐ फेब्रुअरी 26 -मार्च 23 | ☐ अगस्ट 27 - सेप्टेम्बर 21 | ☐ मार्च 4 - मार्च 29 | ☐ सेप्टेम्बर 3 - सेप्टेम्बर 27 |
| ☐ मार्च 26 - अप्रिल 20 | ☐ सेप्टेम्बर 24 - अक्टोबर 19 | ☐ अप्रिल 1 - अप्रिल 26 | ☐ सेप्टेम्बर 30 - अक्टोबर 25 |
| ☐ अप्रिल 30 - मे 25 | ☐ अक्टुबर 22 - नोभेम्बर 16 | ☐ मे 6 - मे 31 | ☐ अक्टुबर 28 - नोभेम्बर 22 |
| ☐ मे 29 - जुन 22 | ☐ नोभेम्बर 19 - डिसेम्बर 14 | ☐ जुन 3 - जुन 28 | ☐ नोभेम्बर 25 - डिसेम्बर 20 |

| | | | |
|---|---|---|---|
| के हामीले तपाईंका लागि आवासको व्यवस्था मिलाइदिनुपर्छ? | ☐ पर्छ | ☐ पर्दैन | |
| म यसमा बस्न चाहन्छु: | ☐ होमस्टे | ☐ छात्रावास | ☐ एउटा अपार्टमेन्ट[10] |
| आवास चाहिने मिति: | | | |

## होमस्टे सम्बन्धी जानकारी

| | | | |
|---|---|---|---|
| के तपाईं स-साना बालबालिकासँग बस्न सक्नुहुन्छ? | ☐ सक्छु | ☐ सक्दिनँ | ☐ जे भए पनि हुन्छ |
| के तपाईं घरमा बिरालो पालेको परिवारसँग बस्न सक्नुहुन्छ? | ☐ सक्छु | ☐ सक्दिनँ | |
| के तपाईं घरमा कुकुर पालेको परिवारसँग बस्न सक्नुहुन्छ? | ☐ सक्छु | ☐ सक्दिनँ | |
| तपाईं धुम्रपान गर्नुहुन्छ? | ☐ गर्छु | ☐ गर्दिनँ | |
| तपाईं धुम्रपान गर्ने मानिसहरूसँग बस्न सक्नुहुन्छ? | ☐ सक्छु | ☐ सक्दिनँ | ☐ जे भए पनि हुन्छ |
| तपाईंलाई कुनै एलर्जी छ? | ☐ छ | ☐ छैन | (यदि छ भने, कृपया व्याख्या गर्नुहोस्) |
| तपाईंको होमस्टे परिवारलाई आफ्नो बारेमा के-के कुराहरू थाहा दिन चाहनुहुन्छ? | | | |

## छात्रावास सम्बन्धी जानकारी

| | | |
|---|---|---|
| तपाईंलाई कस्तो कोठा चाहिन्छ? | ☐ एकल | ☐ साझा |
| तपाईं धुम्रपान गर्नुहुन्छ? | ☐ गर्छु | ☐ गर्दिनँ |

## अपार्टमेन्टको जानकारी

| | | | |
|---|---|---|---|
| अपार्टमेन्टमा कति जना बस्नेछन्? | ☐ 1 जना | ☐ 2 जना | |
| तपाईं धुम्रपान गर्नुहुन्छ? | ☐ गर्छु | ☐ गर्दिनँ | (धुम्रपान निषेधित अपार्टमेन्ट) |

## आवासको ग्यारेन्टी

कृपया ध्यानमा राख्नुहोस् कि हामीले NESE आवासमा तपाईंलाई बस्ने ठाउँ सुरक्षित गर्नु पूर्व तपाईंले NESE लाई आवासको ग्यारेन्टी रकम प्रदान गर्नुपर्छ। यस ग्यारेन्टीका लागि कृपया आफ्नो क्रेडिट कार्डको विवरण प्रदान गर्नुहोस्। यदि तपाईंले NESE को आवास सम्झौतामा उल्लिखित सबै सर्तहरू पूरा गर्नुहुन्छ भने NESE ले तपाईंको क्रेडिट कार्डबाट शुल्क काट्नेछैन।

☐ म क्रेडिट कार्ड मार्फत NESE मा मेरो आवास सुरक्षित गर्न चाहन्छु। (तपाईंले NESE को आवास सम्झौतामा उल्लिखित सबै सर्तहरू पूरा गर्नुहुन्छ भने तपाईंको क्रेडिट कार्डबाट शुल्क काटिनेछैन। तपाईंले NESE को आवास स्वीकृति सम्झौताको सर्तहरूको उल्लङ्घन गर्नुभयो भने, तपाईंलाई हरेक सत्रमा अधिकतम US$250 - US$500[3] शुल्क लगाउन सकिन्छ।)

☐ Visa ☐ MasterCard ☐ American Express ☐ Diners

क्रेडिट/डेबिट कार्ड नम्बर / सुरक्षा कोड / म्याद सकिने मिति

कार्डधनीको नाम (कृपया स्पष्ट अक्षरमा लेख्नुहोस्) / कार्डधनीको हस्ताक्षर

NE1819

# आवेदन फारम: भाग 2

## स्वास्थ्य बीमा सम्बन्धी जानकारी

☐ हो। म NESE बाट स्वास्थ्य बीमा खरिद गर्न चाहन्छु। NESE स्वास्थ्य बीमाको लागि हरेक सत्र US$150 शुल्क लाग्छ भनी मलाई थाहा छ।

☐ होइन। म NESE बाट स्वास्थ्य बीमा खरिद गर्न चाहन्न। मेरो आफ्नै बीमा छ।

## एयरपोर्टमा लिन आउने र पुर्याउने सेवा सम्बन्धी जानकारी

☐ हुन्छ । कृपया मेरो लागि साझा (टर्मिनल बाहिर भेट्ने) एयरपोर्ट ट्रान्सफर सेवाको व्यवस्था मिलाइदिनुहोस् । यो सेवाको लागि US$90 शुल्क लाग्छ भनेर मलाई थाहा छ।

☐ हुन्छ । कृपया मेरो लागि निजी (टर्मिनल भित्र भेट्ने) एयरपोर्ट ट्रान्सफर सेवाको व्यवस्था मिलाइदिनुहोस् । यो सेवाको लागि US$190 शुल्क लाग्छ भनेर मलाई थाहा छ।

☐ होइन। कृपया मेरा लागि एयरपोर्टमा लिन आउने र पुर्याउने सेवाको व्यवस्था नगर्नुहोस्।

## आपतकालीन समयमा सम्पर्क गर्ने व्यक्ति

आपतकालीन अवस्थामा, NESE ले कसलाई सम्पर्क गर्ने?

नाम

नाता | टेलिफोन

मोबाइल फोन | इमेल

## अतिरिक्त जानकारी

कृपया NESE मा आउनुको तपाईंको उद्देश्यको बारेमा भन्नुहोस्:

कृपया आफ्नो हालको पेशाको बारेमा भन्नुहोस्:

कृपया तपाईंले यो आवेदन फाराम कहाँबाट पाउनुभयो भन्नुहोस्:

## स्वीकृति प्याकेट सम्बन्धी जानकारी

कृपया मेरो स्वीकृति प्याकेट (र यदि मैले आवेदन दिएको भएमा मेरो I-20 फाराम) लाई

☐ एक्सप्रेस कुरियर मार्फत (मैले यस सेवाको लागि यसमा US$90 समावेश गरेको छु।)

☐ एयर मेल मार्फत (शुल्क लाग्दैन)

निम्न ठेगानामा पठाउनुहोस्:

☐ माथि उल्लिखित स्थायी ठेगाना, वा

☐ फरक ठेगाना:

सडक ठेगाना

सहर | राज्य

देश | हुलाक कोड

## भुक्तानी सम्बन्धी जानकारी

☐ मैले मेरा शुल्कहरू "flywire" मार्फत भुक्तान गरेको छु: https://NESE.flywire.com

☐ मैले मेरो शुल्कहरू बैंक ट्रान्सफर मार्फत भुक्तानी गरेको छु।

ट्रान्सफर गरिएको मिति: ____________ (दिन/महिना/वर्ष) ट्रान्सफर रकम US$ ____________ ट्रान्सफर रिफ्रेन्स नम्बर ____________ यदि उपलब्ध भएमा

☐ म मेरो सबै शुल्कहरू क्रेडिट कार्ड मार्फत भुक्तानी गर्न चाहन्छु।

कृपया मेरो क्रेडिट कार्डबाट US$ ____________ काट्नुहोस्।

☐ Visa ☐ MasterCard ☐ American Express ☐ Diners

क्रेडिट/डेबिट कार्ड नम्बर# ____________ सुरक्षा कोड ____________ म्याद सकिने मिति

कार्डधनीको नाम ____________ (कृपया स्पष्ट अक्षरमा लेख्नुहोस्) कार्डधनीको हस्ताक्षर ____________

## आर्थिक क्षमताको प्रमाणीकरण, आवासको ग्यारेन्टी तथा स्वास्थ्य उपचार सम्बन्धी अनुमति

यस आवेदन फारामको साथमा प्रदान गरिएको लागत सम्बन्धी कागजमा उल्लेख गरिए अनुसार New England School of English मा उपस्थित हुँदा लाग्ने खर्चहरूको बारेमा मैले बुझेको छु र स्वीकार गर्दछु। मैले यस आवेदन फाराममा व्याख्या गरिए अनुसार New England School of English को आवेदन रद्द तथा रकम फिर्ता सम्बन्धी तालिका पनि राम्रोसँग बुझेको छु। म आवेदकको New England School of English सँग सम्बन्धित सम्पूर्ण खर्चहरू तथा आवेदकले आवेदन रद्द गरेको खण्डमा आवश्यक शुल्क तिर्न कानुनी रूपमा जिम्मेवारी लिन सहमत छु। यस अन्तर्गत शिक्षा शुल्क, अन्य शुल्क र खाने बस्ने खर्चहरू पर्दछन्, तर यसमा व्यक्तिगत खर्चहरू पर्दैन। आवासको डिपोजिटको लागि US$250 - US$500[3] भुक्तानी गर्नुको सट्टा, म यसको ग्यारेन्टीको रूपमा NESE लाई मेरो क्रेडिट तथा डेबिट कार्डको विवरण प्रदान गर्न सहमत छु। NESE को आवास स्वीकृति सम्झौतामा उल्लिखित कुनै पनि सर्तहरू पूरा नभएमा यो कार्डबाट रकम काटिनेछ भनी मैले बुझेको छु। प्रति सत्र US$250 - US$500[3] भन्दा बढी रकम काटिने छैन। आवासको ग्यारेन्टी म NESE को आवासबाट निस्केपछि अधिकतम 90 दिनसम्म मात्रै कायम राखिनेछ। म आवेदकको स्वास्थ्य जाँच्न तथा कुनै पनि चोटपटक लागेमा वा बिरामी भएमा त्सयको उपचार गर्ने र चिकित्सा उपचार तथा बीमाको प्रयोजनका लागि चिकित्सा सम्बन्धी जानकारी खुलासा गर्ने अनुमति दिन्छु। म स्वास्थ्य बीमाले भुक्तानी नगर्ने कुनै पनि चिकित्सा खर्चहरूका साथै स्वास्थ्य बीमाले समावेश नगरेका पहिले देखि नै विद्यमान स्वास्थ्य समस्याहरूको जिम्मेवारी लिन सहमत छु। यो आवेदन पेस गर्नाले आवेदन प्याकेजमा समावेश भर्ना सम्बन्धी सर्त तथा नियमहरू स्वीकार गरेको भन्ने बुझिन्छ।

आवेदकको नाम

आवेदकको हस्ताक्षर | मिति

आवेदक 21 वर्ष मुनिको भएमा अभिभावकको नाम

आवेदक 21 वर्ष मुनिको भएमा अभिभावकको हस्ताक्षर | मिति

36 John F. Kennedy Street
Cambridge, MA 02138, USA
टेलिफोन (617) 864-7170 ◆ फ्याक्स (617) 864-7282
7282 इमेल: admissions@nese.edu
http://www.nese.edu

©2019, The New England School of English, Inc. सर्वाधिकार सुरक्षित।